# प्रतापपुर गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७७

कार्यपालिकाबाट स्वीकृत मितिः २०७७/०६/११

प्रतापपुर गाउँपालिका

# प्रतापपुर गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७७

**प्रस्तावनाः** लोककल्याणकारी राज्यको अवधारणा अनुसार आर्थिकरुपले विपन्न, निरपेक्ष गरिबीको रेखामुनि रहेका, दीर्घरोगी,हिंसा पिडित, अशक्त असहाय, दुर्घटनामा परेका, घरगोठ आगलागी भएका, बाढी, पहिरो, चटयाङ्, विद्युतीय झट्का लगायत प्राकृतिक तथा मानवीय प्रकोपमा रहेका, विपन्नताका कारण औषधि उपचारबाट बंचित समस्याग्रस्त नागरिक, स्थानीय राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलमा सहभागी हुने खेलाडी,स्थानीय स्तरमा हुने खेलकुद तथा सांस्कृतिक कार्यक्रमका आयोजक लगायतका लागि आर्थिक सहायता प्रदान गर्न कार्यविधी बनाउन वान्छनीय भएकोले प्रतापपुर गाउँपालिकाकोप्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७ को दफा ४ बमोजिमयस प्रतापपुर गाउँपालिकाको मिति२०७७/०६/११ मा बसेको कार्यपालिकाको बैठकले यो कार्यविधी बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>

(१)यस कार्यविधिको नाम “प्रतापपुर गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधी २०७७” रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२. **परिभाषा-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा :

**क**) "गाउँपालिका" भन्नाले प्रतापपुर गाउँपालिकालाई सम्झनु पर्छ ।

**ख**) "कार्यपालिका" भन्नाले प्रतापपुर गाउँ कार्यपालिका सम्झनु पर्छ।

**ग**) "आर्थिक सहायता पाउन योग्य व्यक्ति" भन्नाले आर्थिकरुपले विपन्न निरपेक्ष गरिबीको रेखामुनि रहेका दिर्घरोगी हिंसा पिडित, अशक्त असहाय, दुर्घटनामा परेका, घरगोठ आगलागी भएका, बाढि पहिरो चटयाङ् विद्युतीय झट्का लगायत प्राकृतिक र मानवीय प्रकोपमा परेका, विपन्नताका कारण औषधि उपचारबाट वंचित राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलमा सहभागी खेलाडी, स्थानीय स्तरमा हुने खेलकुद तथा साँस्कृतिक कार्यक्रमका आयोजक लगायत समस्याग्रस्त नागरिक, जनप्रतिनिधी र कर्मचारी समेतलाई सम्झनुपर्छ ।

**घ**) "अध्यक्ष" भन्नाले प्रतापपुर गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

ङ) "न्यायीक समिति" भन्नाले प्रतापपुर गाउँपालिका अन्तर्गतको न्यायीक समिति सम्झनुपर्छ ।

च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले प्रतापपुर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

## परिच्छेद — २

## आर्थिक सहायता सम्बन्धी मापदण्ड

३. **उपचार खर्च सहायता**

(१) दिर्घरोगी तथा विपन्नताको कारण औषधी उपचार गर्नबाट बञ्चित हुनुपरेका नागरिकको सन्दर्भमा पीडित व्यक्तिले आर्थिक सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित गाउँपालिकामा निवेदन दिन सक्नेछन्।

(२) उपखण्ड (१) बमोजिम प्राप्त निवेदन उपर छानविन गरी पीडित व्यक्तिको अवस्था हेरी दुई हजार देखि बीस हजार सम्म आर्थिक सहायता गर्न सक्नेछ ।

(३) आर्थिक सहायता प्राप्त गर्ने पीडित व्यक्तिले उपचारका विल भरपाई पेश गर्नु पर्नेछ ।

४. **हिंसा पीडित तथा वेचविखनमा परेका महिला तथा वालवालिकालाई सहायता**

(१) हिंसा पीडित तथा वेचविखनमा परेका महिला तथा वालवालिकाको तत्काल उद्दार गरी जीवनयापनको लागि बढीमा रु. १००००।- (दश हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

५. **जनप्रतिनिधिलाई आर्थिक सहायता**

(१) मुटु, फोक्सो, कलेजो, क्यान्सर, मृगौला आदि जस्ता गम्भीर प्रकृतिका वा दीर्घरोगको उपचार गराउनु पर्ने वा शल्यक्रिया गर्नुपर्ने अवस्थामा कार्यपालिकाको निर्णय अनुसार अवस्था हेरी जनप्रतिनिधिहरूलाई कम्तिमा रु. १००००। — (दश हजार) देखि बढीमा रु. १५००००। — (एक लाख पचास हजार) सम्म उपचार खर्चका लागि आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ।

(२) आर्थिक सहायता प्राप्त गर्ने जनप्रतिनिधिले उपचारका विल भरपाई पेश गर्नुपर्नेछ।

६. **गाउँपालिकामा कार्यरत कर्मचारीलाई आर्थिक सहायता**

(१) खण्ड (५) को उपखण्ड (१) बमोजिमको उपचारका लागि कार्यपालिकाको निर्णय अनुसार गाउँपालिकामा कार्यरत कर्मचारीहरूलाई कम्तिमा रु. १००००। — (दश

हजार) देखि बढीमा रु. १५००००।  — (एकलाख पचास हजार) सम्म उपचार खर्चका लागि आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ।

(२) आर्थिक सहायता प्राप्त गर्ने कर्मचारीले उपचारका विल भरपाई पेश गर्नुपर्नेछ।

७. **<u>खेलकुद तथा सांस्कृतिक कार्यक्रम सहायता</u>**

(१) स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको खेलमा सहभागी हुने खेलाडी तथा स्थानीय रुपमा खेलकुद तथा सांस्कृतिक कार्यक्रम आयोजना गर्ने क्लब वा संघ संस्थालाई आर्थिक सहायता प्रदान गरिनेछ।

(२) स्थानीय रुपमा संचालन हुने प्रतियोगितात्मक खेलमा सहभागी हुने खेलाडीहरूको टीमलाई बढीमा रु. २०००।  — (दुई हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ र यस्तो सहायता वडा कार्यालय मार्फत उपलब्ध हुनेछ।

(३) राष्ट्रियस्तरका खेलमा सहभागी हुने खेलाडीलाई दुरीको आधारमा बढीमा रु. १००००।-  (दश हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ।

(४) अन्तर्राष्ट्रियस्तरका खेलमा सहभागी हुने खेलाडीहरूलाई बढीमा रु. ३००००।     — (तीस हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ। यस्तो सहायता एक आर्थिक बर्षमा खेलाडी वा खेलाडीहरूको समूह वा खेलमा सहभागी गराउने संस्था वा क्लबलाई एक पटक भन्दा बढी उपलब्ध गराइने छैन।

(५) स्थानीय स्तरमा खेलकुद तथा जनचेतनामुलक सांस्कृतिक कार्यक्रम संचालन गर्ने क्लब वा संघ संस्थालाई बढीमा रु. १००००।    — (दश हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ। यस्तो सहायता उक्त कार्यक्रम संचालन गर्ने क्लब वा संघ संस्थालाई एक आर्थिक बर्षमा एक पटक भन्दा बढी उपलब्ध गराइने छैन।

(६) उपखण्ड (२) देखि (५) सम्म आर्थिक सहायताको लागि निवेदन र आवश्यक कागजात पेश गर्नुपर्नेछ।

८. **<u>प्राकृतिक तथा मानव सृजित प्रकोप पीडितहरुलाई आर्थिक सहायता</u>**

(१) प्राकृतिक वा मानव सृजित प्रकोप (बाढी, डुवान, आगलागी, दुर्घटना, भुकम्प, चटयाङ्ग, विद्युतिय झड्काबाट अंगभंग हुनु, घर भत्किनु आदि) बाट पीडित व्यक्ति वा परिवारहरूलाई देहायका आधारमा आर्थिक सहायता उपलब्ध गराइनेछ।

(क) प्रकोपबाट कुनै व्यक्तिको मृत्यु भएमा मृतकका नजिकको हकवालालाई क्रिया खर्च बापत रु. २५,०००।— (पच्चिस हजार)।

(ख) प्रकोपबाट घरबास भत्की वा आगलागी भई आंशिक क्षति भएर तत्काल बस्न असम्भव भएमा रु. १००००।- (दश हजार)वा पुरै क्षति भएमा रु. २००००।- (बीस हजार)।

(ग) प्रकोपमा परी कुनै व्यक्तिको अंगभंग भई आंशिक वा पूर्ण अशक्त अपाङ्गता भएमा उपचार खर्च बापत एकपटकको लागि रु. ५०००।- (पाँच हजार) देखि रु. १५०००।- (पन्ध्र हजार) सम्म ।

(घ) प्रकोपबाट बालीनाली आंशिक वा पुरै नष्ट भएकोमा सम्बन्धित प्राविधिकको मुल्यांकनको आधारमा क्षतिको अवस्था हेरी रु. २०००।- (दुई हजार) देखि रु. १५०००।- (पन्ध्र हजार) सम्म।

(२) उपखण्ड (१) बमोजिमको आर्थिक सहायता प्राप्त गर्नका लागि पीडितले प्रहरी रिपोर्टका साथै आवश्यक प्रमाण कागजात सहित गाउँपालिकामा निवेदन दिन पर्नेछ।

९. खण्ड (८) को आर्थिक सहायताको सम्बन्धमा व्यक्ति वा परिवारको असावधानी वा लापर्वाहीबाट क्षति भएकोमा कुनै पनि सहायता उपलब्ध हुनेछैन।

१०. विद्यार्थीको लागि छात्रवृत्ति, पाठ्यपुस्तकमा अनुदान आदि आर्थिक सहायता गाउँ शिक्षा समिति तथा वडा कार्यालय मार्फत गर्दा वडा शिक्षा समितिको सिफारिस अनुसार गाउँपालिकाले गर्न सकिनेछ।

## परिच्छेद — ३
## विविध

११. **निवेदनको ढाँचा**

(१) खण्ड ३, ४, ५, ६, ७ र ८ अनुसार सहायता पाउन अनुसूचि-१ को ढाँचामा निवेदन दिनु पर्नेछ।

१२. **आर्थिक सहायता उपलब्ध गराउने विधि:**आर्थिक सहायता रकम मध्ये रु. २००००। — (बीस हजार) सम्मको आर्थिक सहायता अध्यक्षसँगको समन्वयमा प्रमुख प्रशासकीय

अधिकृतले उपलब्ध गराउन सक्नेछ र सोको अनुमोदन गाउँ कार्यपालिकाको बैठकले गर्नेछ । सो भन्दा माथिको आर्थिक सहायता कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

१३. <u>अधिकार प्रत्यायोजन गर्न सकिने</u>

(१) यस कार्यविधि अनुसार आर्थिक सहायता सम्बन्धी निर्णयको अधिकार गाउँ कार्यपालिकाले गाउँपलिकाको अध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृतलाई दिन सकिनेछ।

१४. <u>आकस्मिक कोष</u>

(१) यस कार्यविधि अनुसार आर्थिक सहायता दिने एवंम् प्राकृतिक तथा गैरप्राकृतिक प्रकोप पीडितलाई राहत, उद्दार तथा पुर्नस्थापना गर्ने र अन्य आकस्मिक कार्यमा प्रयोग गर्ने प्रयोजनका लागि आकस्मिक कोषको स्थापना गरिनेछ।

(२) उपखण्ड (१) बमोजिमको आकस्मिक कोषमा देहायका रकम जम्मा गरिनेछ।

(क) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकारबाट आकस्मिक कोषको लागि प्राप्त अनुदान।

(ख) सरकार तथा गैर सरकारी संघ संस्थाबाट आकस्मिक कार्यको लागि प्राप्त सहयोग वा अनुदान।

(ग) आर्थिक सहायता, प्राकृतिक प्रकोप पीडितको उद्दार राहत तथा पुर्नस्थापनाको लागि प्राप्त जुनसुकै रकम।

(३) कोषको संचालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

(४) आकस्मिक कोष सम्बन्धी अन्य व्यवस्था गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ।

१५. <u>खारेजी र बचाउ</u>

(१) यो कार्यविधि लागु हुनु अगाडि भए गरेका आर्थिक सहायता सम्बन्धी कार्यहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

## अनुसुची-१
## (दफा ११ सँग सम्बन्धित)

मितिः२०_ _/_ _/_ _

श्री अध्यक्ष/ प्रमुख प्रशासकीय अधिकृत ज्यू,
प्रतापपुर गाउँपालिका, बेलाटारी।

विषयः आर्थिक सहायता उपलब्ध गराईदिनुहुन।

महोदय,

प्रस्तुत विषयमा म/हामी ............................... रोगले ग्रसित भई ................................ गर्नुपर्ने व्यहोरा अवगत गराउँदछु/छौं। उपचारको लागि म र मेरो परिवारको आर्थिक अवस्था नाजुक भएकोले सोकोक लागि तहाँ कार्यालयको नियमानुसार आर्थिक सहायता उपलब्ध गराई निशुल्क उपचारको लागि सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन तपसिलका कागजातहरु यसैसाथ संलग्न राखि पेश गर्दछु/गर्दछौं।

<u>तपसिल</u>

१. नागरिकता/जन्मदर्ता/विवाहदर्ता/.................... को प्रतिलिपी।
२. अस्पतालको रिपोर्ट।
३. ...........................................

<u>निवेदक</u>

नाम/थरः
ठेगानाः
हस्ताक्षरः

# अनुसुची-२

## (दफा ११ सँग सम्बन्धित)

मितिः२०_ _/_ _/_ _

श्री अध्यक्ष/ प्रमुख प्रशासकीय अधिकृत ज्यू,
प्रतापपुर गाउँपालिका, बेलाटारी।

विषयः आर्थिक सहायता उपलब्ध गराईदिनुहुन।

महोदय,

प्रस्तुत विषयमा म/हामी .............................. भएको/ ................................ व्यक्ति ........................ भएको व्यहोरा अवगत गराउँदछु/छौं।........................................................ गर्न जरुरी रहेकोले ........................... को लागि तहाँ कार्यालयको नियमानुसार आर्थिक सहायता उपलब्ध गराई .............................. समेत गरिदिनुहुन तपसिलका कागजातहरु यसैसाथ संलग्न राखि पेश गर्दछु/गर्दछौं।

तपसिल

१. ..................................................
२. .........................................

**निवेदक**

| क्र.सं. | नाम/थर | ठेगाना | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|